नेपाल सरकार

गृह मन्त्रालय

लागु औषध नियन्त्रण शाखा

# अनुदानका लागि आवेदन-पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१।१२।१७ गते

लागु औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनर्स्थापना क्षेत्रमा कार्यरत संघ-संस्था/निकायलाई चालु आ.व. २०८१/८२ मा नेपाल सरकारको तर्फबाट अनुदान प्रदान गर्ने कार्यक्रम रहेकोले इच्छुक संघ-संस्था/निकायले "लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि,२०७७" को अनसूची-१ बमोजिमको ढाँचामा तपसिल बमोजिमका कागजातहरू संलग्न राखी १५(पन्ध्र) दिनभित्र यस शाखामा वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।थप जानकारीका लागि फोन नं.०१-४२११२२२/४२११२८३ मा सम्पर्क गर्नुहुन वा www.moha.gov.np हेर्नु हुन अनुरोध छ ।

तपसिलः

क) संस्था दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपि,

ख) सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि,

ग) गृह मन्त्रालयमा आवद्धता भएको प्रमाणपत्रको प्रतिलिपि,

घ) वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि,

ङ) वार्षिक लेखापरीक्षण प्रतिवेदन,

च) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

छ) अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

ज) केन्द्र/संस्था रहेको स्थानको नक्सा,

झ) संस्थाको वित्तीय, भौतिक र मानव संशाधन सम्बन्धी विवरण (अनुसूची-३ को ढाँचामा),

ञ) अनुदान प्राप्त भए पश्चात गरिने संक्षिप्त कार्ययोजना (अनुसूची-४ को ढाँचामा)

पुनश्चः यस मन्त्रालयबाट यसअघि अनुदान प्राप्त गरेको भए १ वर्ष पूरा भएको र केन्द्र स्थापना भएको २ वर्ष पूरा भएको हुनुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
लागु औषध नियन्त्रण शाखा

# पुरस्कारका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

## प्रकाशित मितिः २०८१/१२/१७

गृह मन्त्रालय लागु औषध नियन्त्रण कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ को वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम अनुसार लागु औषध प्रयोगकर्ताहरुको लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ बमोजिम हालसम्म सञ्चालनमा रही उत्कृष्ट कार्य सम्पादन गरेका उपचार तथा पुनर्स्थापना केन्द्रलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक केन्द्रले उपचार तथा पुनर्स्थापना केन्द्र पुरस्कृत गर्न छनौट गर्ने सम्बन्धी मापदण्ड, २०७८ बमोजिम तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य जानकारीका लागि लागु औषध नियन्त्रण शाखाको फोन नं. ०१-४२११२२२/४२११२८३ मा सम्पर्क गर्नुहुन वा www.moha.gov.np हेर्नुहुन अनुरोध गरिन्छ ।

तपसिलः

(क) अनुसूची- २ बमोजिमको निवेदन,
(ख) संस्था दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपि,
(ग) केन्द्रको विधानको प्रतिलिपि,
(घ) मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(च) अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
(छ) अघिल्लो आ.व. को वार्षिक लेखा परिक्षण प्रतिवेदन,
(ज) केन्द्र रहेको सम्बन्धित स्थानीय तह / वडा कार्यालयको सिफारिस,
(झ) केन्द्रको भौतिक, वित्तिय र मानव संशाधनको विवरण,
(ञ) दफा ५ को उपदफा (२) बमोजिमका अन्य आवश्यक कागजातहरु।